नेपाल वायुसेवा

# आकाश भैरव
# AAKASH BHAIRAB
In-House Journal

Vol. 44, No. 6 Jeth-Asar (2082) June-July (2025)

## निगमको ६७ औं वार्षिकोत्सव कार्यक्रम भव्यरूपमा सम्पन्न

नेपाल वायुसेवा निगमले आफ्नो ६७ औँ वार्षिकोत्सव २०८२ असार १७ गते (जुलाई १, २०२५) का दिन विभिन्न रचनात्मक कार्यक्रमहरु सम्पन्न गरेर मनाएको छ । निगमको केन्द्रीय कार्यालयको प्राङ्गणमा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेको प्रमुख आतिथ्यमा निगमको वार्षिकोत्सव भव्य रुपमा सम्पन्न भयो । उक्त अवसरमा नवनिर्मित डाटा सेन्टरको उद्घाटन माननीय संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री र निगमका कार्यकारी अध्यक्षबाट गरिएको थियो । वार्षिकोत्सवको उपलक्ष्यमा प्रभातफेरी कार्यक्रमको पनि आयोजना गरिएको थियो । निगमको केन्द्रीय कार्यालयबाट सुरू भएको उक्त कार्यक्रममा माननीय मन्त्रीज्यू, कार्यकारी अध्यक्ष तथा उपस्थित कर्मचारीहरु सहभागी भई भूगोल पार्क, रत्नपार्क, भद्रकाली, सुन्धारा हुँदै पुनः केन्द्रीय कार्यालय परिसरमै आएर कार्यक्रम सभामा परिणत भएको थियो । सभालाई सम्बोधन गर्दै माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेले नेपाल वायुसेवा निगम ऐतिहासिक महत्व बोकेको र राष्ट्रको पर्यटन क्षेत्रको मेरूदण्ड रहेको उल्लेख गर्दै यसको विकासका लागि नेपाल सरकार सधैँ साथमा रहने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले हालसम्म गरेका उपलब्धिमूलक कार्यहरूको जानकारी गराउनुभएको थियो । वार्षिकोत्सवको अवसरमा सबै कर्मचारीहरु लगायत निगमसँग सम्बद्ध सबैलाई शुभकामना व्यक्त गर्दै निगमको हितमा कार्य गर्न सबैलाई निर्देशन दिनुभयो । यही अवसरमा आकाशभैरव वार्षिक अङ्कको विमोचन समेत गरिएको थियो ।

वार्षिकोत्सवको अवसरमा निगमले सप्ताहव्यापी रचनात्मक कार्यक्रमको आयोजना गरेको थियो । असार ८ गते निगमको केन्द्रीय कार्यालयको प्राङ्गणमा र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रक्तदान कार्यक्रम गरिएको थियो । यसमा निगमका १९० जना कर्मचारीहरूले रक्तदान गरेका थिए । असार ९, १० र ११ गते निगमको एनएसी क्लबमा टेबल टेनिस प्रतियोगिता भएको थियो । यस प्रतियोगितामा कार्यकारीतर्फ अर्थ विभागका प्रितमप्रसाद प्रधान प्रथम हुनुभएको थियो भने कार्यकारी अध्यक्ष युबराज अधिकारी द्वितीय हुनुभएको थियो । क्वालिटी एस्योरेन्स विभागका दिवाकर बज्जारा तृतीय हुनुभएको थियो । पुरूष कर्मचारीतर्फ नवराज कोइराला प्रथम, प्रज्वल भट्टराई द्वितीय र इन्द्र थापा तृतीय हुनुभएको थियो । महिलातर्फको टेबल टेनिस प्रतियोगितामा मेनुका चाम्लिङ् प्रथम, रञ्जना पोखरेल द्वितीय र कविता शाह तृतीय हुनुभएको थियो ।

यसैगरी असार १२ गते नेपाल भारत पुस्तकालयको हलमा खुला कविता वाचन प्रतियोगिता सम्पन्न भएको थियो । उक्त प्रतियोगितामा २३ जना प्रतियोगी कवि र १५ जना अप्रतियोगी कविले कविता वाचन गरेका थिए । प्रतियोगितामा सामेल भएका कविहरूमध्ये प्रमिला लुईंटेल प्रथम, विनय पौडेल द्वितीय, भाष्कर खनाल तृतीय र प्रोत्साहन पुरस्कार नारायण पौडेल र सौगात वाग्लेलाई प्रदान गरिएको थियो । उक्त प्रतियोगितामा कल्पना काफ्ले, प्रा. डा. देवी नेपाल र डा. नवराज लम्साल गरी तीन सदस्यीय निर्णायक मण्डल रहेको थियो ।

यसैगरी असार १३ गते एन्फा कम्प्लेक्स सातदोबाटोमा मैत्रीपूर्ण फुटबल प्रतियोगिता सम्पन्न भएको थियो । कार्यकारीतर्फ बराबरी र पुरूष कर्मचारीतर्फ एयरपोर्ट टिम विजयी भएको थियो । महिलातर्फ बराबरीमा खेल टुङ्गिएको थियो । फुटबल प्रतियोगितामा कार्यकारीतर्फ आन्तरिक लेखापरीक्षण विभागका निर्देशक उमेश पौडेलले बेष्ट प्लेयर अवार्ड प्राप्त गर्नुभएको थियो भने पुरूष खेलाडीतर्फ रेजक उप्रेती र महिला खेलाडीतर्फ अनिता श्रीमलले बेष्ट प्लेयर अवार्ड प्राप्त गर्नु भएको थियो ।



# सम्पादकीय

नेपाल वायुसेवा निगम राष्ट्रको धरोहर हो । निगम ६७ वर्षदेखि निरन्तररूपमा राज्यले निर्वाह गर्नुपर्ने दायित्वमा सारथि बनेर रहेको छ । विभिन्न आरोह अवरोहका बाबजुद भर्खरै निगमले ६७ औं वार्षिकोत्सव सम्पन्न गरेको छ । विविध जटिलता, राज्य प्रतिको उत्तरदायित्व र जनमुखी सेवामा समर्पित भई यस संस्थाले ६७ वर्ष पार गर्नु आफैंमा एउटा गौरवको विषय हो । हवाई उड्डयनको इतिहासमा राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवाको यात्रा निरन्तर गतिशील तथा उद्देश्यमूलक छ ।

राज्यले नागरिकलाई सेवा दिने क्रममा आइपरेका कतिपय अफ्ठ्यारा परिस्थितिमा उडानका माध्यमबाट निगमले राज्यको सारथि भएर अगाडि बढेको सर्वविदितै छ । प्राकृतिक आपत्तिको समयमा होस् या अन्तर्राष्ट्रिय विपत्तिको समयमा निगमले सीमित स्रोत र साधनका बाबजुद पनि आफ्नो उपस्थिति मजबुत बनाउँदै अगाडि बढेको छ । बदलिदो समयमा देखिएका परिवर्तन र दीर्घकालीन चुनौतीप्रति स्पष्ट दूरदृष्टिका साथ अघि बढिरहेको छ । निगमले अहिले गरिरहेका प्रयासलाई इतिहासको पानाले मूल्याङ्कन गर्ने नै छ त्यसका बाबजुद अहिलेभन्दा फरक तवरले सक्रिय सुधार र उद्देश्यपूर्ण योजनाहरूलाई पनि प्राथमिकताका साथ अगाडि बढाउनु पर्ने छ । आन्तरिक उडान होस् या अन्तर्राष्ट्रिय उडानमा सुलभ, भरपर्दो, नियमित र सुरक्षित सेवा हाम्रो पहिलो प्राथमिकता हो । भइरहेका स्रोत साधनको उच्चतम् सदुपयोग गर्दै नयाँ गन्तव्य, डिजिटल सेवा र कर्मचारी क्षमता अभिवृद्धिमा केन्द्रित योजनाहरु निगमको प्राथमिकतामा रहेका छन् । उडान विस्तार, प्रविधिको आधुनिकीकरण र यात्रु सेवा सुधारजस्ता योजनाहरूमा केन्द्रित रहेर निगमले काम गरिरहेको छ ।

निगमको आन्तरिक उडानदेखि अन्तर्राष्ट्रिय उडान विस्तारका लागि विविध कार्ययोजनाहरु बनाइएका छन् । प्राविधिक सुधार, ग्राहक सेवा प्रणालीमा आधुनिकीकरण, प्रविधिको प्रयोग, समयतालिका व्यवस्थापन र सुरक्षा मापदण्डमा अझ पारदर्शिता ल्याउनेतर्फ निगम प्रतिबद्ध छ । यो प्रतिबद्धतामा कर्मचारीको समर्पण, व्यवस्थापनको दूरदृष्टि र यात्रुहरूको भरोसा मूल आधारका रूपमा रहेका छन् । समयसँगै प्रतिष्पर्धा तीव्र बन्दै गइरहेको अवस्थामा स्थायित्व, पारदर्शिता र गुणस्तरीय सेवामा केन्द्रित नभई नयाँ उचाइ प्राप्त हुन सक्दैन भन्ने मूल मन्त्र बनाएर सिर्जनात्मक सुधार र वैज्ञानिक रणनीतिको माध्यमले चुनौतीहरूभित्र समाधान खोज्ने र अवसरलाई सम्भावनामा रूपान्तरण गर्न निगमको अनवरत प्रयास जारी रहनेछ ।

राष्ट्रिय ध्वजाबाहकसँग विभिन्न पक्षहरूको आशा रहेकाले सो दायित्व पूरा गर्न निगमले निर्वाह गर्नुपर्ने भूमिका महत्वपूर्ण छ । नागरिकलाई सेवा दिनुपर्ने राज्यको दायित्व पूरा गर्न निगमले व्यावसायिक प्रतिफल मात्र नहेरेर कतिपय दुर्गम तथा अत्यावश्यक समय तथा स्थानहरूमा राज्यको उद्देश्यअनुरूप हवाई सेवा प्रदान गर्दै आएको छ र यसलाई समयक्रमसँग थप परिस्कृत गर्दै यात्रु चाहनाअनुसार आधुनिकीकरण गरी निरन्तर सङ्कल्पका साथ निगमले आफ्ना यात्रा अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्दछौं ।



नेपाल वायुसेवा निगमको ६७औं वार्षिकोत्सबको अवसरमा आयोजित फुटबल प्रतियोगितामा निगमका सम्पूर्ण खेलाडी कर्मचारीहरु

## सम्पादक मण्डल

| | | |
|---|---|---|
| प्रधान सम्पादक | : | अनिल घिमिरे |
| कार्यकारी सम्पादक | : | दिक्पाल सुवेदी |
| सम्पादक | : | कल्पना काफ्ले |
| | : | पूजा अधिकारी |
| | : | नितु थापा |
| विभागीय प्रतिनिधिहरू | : | गोपाल प्र. तिवारी, इन्जिनियरिङ्ग मेन्टिनेन्स |
| | | नुमानन्द गौतम, यात्रुसेवा |
| | | छायाँ गुरूङ, आन्तरिक लेखा परीक्षण |
| | | प्रकाश अधिकारी, ग्राउण्ड सपोर्ट |
| | | प्रभा पोखरेल, मानव संशाधन |
| | | उदय खत्री, कन्टिन्यूइङ्ग एयर वर्दिनेश मेनेजमेन्ट |
| | | रञ्जना पोखरेल, बजार व्यवस्थापन |
| | | दामोदर भट्टराई, सा. से. तथा सं. व्यवस्थापन |
| | | राजन घिमिरे, अर्थ |
| | | राजकुमारी के.सी., अपरेशन्स |
| | | सञ्जय कुमार देव, क्वालिटी एस्योरेन्स |
| प्रकाशक | : | बाह्य, जनसम्पर्क तथा प्रचार प्रसार महाशाखा संस्थागत विभाग नेपाल वायुसेवा निगम www.nepalairlines.com.np |
| फोटो सल्लाहकार | : | हरि गोपाल प्रधान |

# वर्ल्ड बुक अफ रेकर्डस् लण्डनद्वारा निगम कार्यकारी अध्यक्ष सम्मानित



हवाई क्षेत्रमा निरन्तर पुऱ्याउनु भएको योगदानको उच्च मूल्याङ्कन गर्दै निगमका कार्यकारी अध्यक्ष युबराज अधिकारीलाई वर्ल्ड बुक अफ रेकर्डस् लन्डनले विशेष सम्मानद्वारा विभुषित गरेको छ । नेपाल वायुसेवा निगमको सभाकक्षमा आयोजित हस्तान्तरण कार्यक्रममा वर्ल्ड बुक अफ रेकर्डस् नेपालका अध्यक्ष सागर कट्वाल, वरिष्ठ फोटो पत्रकार हरि गोपाल प्रधान, हिपहप सम्राट निर्णय श्रेष्ठ (NSK) र मिस नेवाः सुदिना श्रेष्ठको समुपस्थितिमा उक्त प्रमाणपत्र हस्तान्तरण गरिएको थियो र कार्यक्रममा नेपाल वायुसेवा निगमका कर्मचारीहरू समेतको उपस्थिति थियो ।

# निगमका कार्यकारी अध्यक्षसँग स्वतन्त्र कर्मचारी युनियनका नवनिर्वाचित पदाधिकारीको परिचयात्मक कार्यक्रम सम्पन्न

नेपाल वायुसेवा निगम स्वतन्त्र कर्मचारी युनियनको महाधिवेशनबाट अध्यक्ष रामबाबु थापाको नेतृत्वमा आएका कार्यसमितिका पदाधिकारीसँग मिति २०८२ असार ३२ गते कार्यकारी अध्यक्षको कार्यालयमा कार्यकारी अध्यक्ष युबराज अधिकारीसँग छोटो परिचयात्मक कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा निगमको हित र उन्नति-प्रगतिका सन्दर्भमा छलफल भएको थियो । कार्यक्रममा उपस्थित नव निर्वाचित पदाधिकारीहरूमा अध्यक्ष रामबाबु थापा, बरिष्ठ उपाध्यक्ष निरबहादुर वर्देवा, उपाध्यक्षहरु शिशिर झा, सञ्जिबप्रसाद साह, रेगबहादुर वि.क., महासचिव सुमन घिमिरे, उपमहासचिव दिपक जंग ठाकुर, सचिवहरु सुरेन्द्र साह, सन्जुला पोखरेल, सहसचिवहरु ज्वालाप्रसाद साह, नवीन अर्याल, कोषाध्यक्ष सम्झना पौडेल तथा सदस्य साधना कुँवर रहनुभएको थियो ।



# Buddhist International Travel Mart मा निगमको सहभागिता




तेस्रो Buddhist international travel mart यही जेष्ठ ९ र १० गते सोल्टी होटेल काठमाडौँमा सम्पन्न भएको छ । दुई दिन सम्मको यस सम्मेलनमा नेपाल वायुसेवा निगमको सहभागिता रहेको उक्त कार्यक्रममा निगमसहित विभिन्न पर्यटकीय संस्थाहरूले आफ्नो स्टलहरु राखेका थिए । करिब ६६ वटा स्टलहरु राखिएको सो कार्यक्रममा देश बिदेशबाट पर्यटन क्षेत्रसँग आबद्ध हजारौं व्यवसायी, उद्यमी, विद्यार्थी लगायतको उपस्थिति रहेको थियो ।

माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेले उद्घाटन गर्नुभएको Buddhist international travel mart मा निगमका कार्यकारी अध्यक्ष युबराज अधिकारीको पनि उपस्थिति रहेको थियो । निगमको बजार व्यवस्थापन विभागका उपनिर्देशक वृहतमान तुलाधर, बरिष्ठ अधिकृत सरोज नेपाल, अधिकृत अपर्णा गौतम र शान्ति पौडेल तथा संस्थागत विभागका बरिष्ठ अधिकृत कल्पना काफ्ले र बरिष्ठ सहायक सागर श्रेष्ठको सहभागिता रहेको थियो । कार्यक्रममा देश बिदेशबाट आएका सहभागीहरूले निगमको अन्तर्राष्ट्रिय गन्तव्यमा चासो देखाएका थिए ।

# नेपाल वायुसेवा निगमद्वारा २०८२ असार मसान्तसम्मको जहाजको ऋण भुक्तानी

निगमले अन्तर्राष्ट्रिय उडानका लागि खरिद गरेका दुई न्यारोबडी र दुई वाइडबडी जहाजको लागि कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषबाट लिएको ऋण दायित्वमध्ये दुई न्यारोबडी जहाजको २०८२ असार मसान्तसम्मको किस्ताबापत पूरा र दुई वाईडबडी जहाजको आंशिक गरी मिति २०८२ असार ३२ गते जम्मा रु ५३०,९५५,२८१ (अक्षरेपीः त्रिपन्न करोड नौ लाख पचपन्न हजार दुई सय एकासी मात्र) रकम भुक्तानी गरेको छ ।

# ७२ औं अन्तर्राष्ट्रिय सगरमाथा दिवस २०२५ मा निगमको सहभागिता




"विश्वको सर्वोच्च शिखर सगरमाथा नेपालको पहिचान र गौरव" भन्ने मूल नाराका साथ ७२ औं अन्तराष्ट्रिय सगरमाथा दिवस २०२५ मे २९ तारिखका दिन विविध कार्यक्रमको आयोजना गरी मनाइएको छ । सन् १९५३ मे २९ का दिनमा नेपालका तेन्जिङ नोर्गे शेर्पा र न्यूजिल्याण्डका एडमण्ड हिलारीले पहिलो पटक सगरमाथा शिखरमा पाइला टेकेको सम्झनामा सगरमाथा दिवस मनाइने गरिन्छ । दिवसको अवसरमा केशरमहलबाट प्रभातफेरी शुरू भएर वसन्तपुरमा गएर समापन भएको थियो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय तथा नेपाल पर्यटन बोर्डको संयुक्त आयोजनामा भएको कार्यक्रममा नेपाल वायुसेवा निगम लगायत पर्यटनसँग सम्वद्ध विभिन्न संघ संस्थाहरूको सहभागिता रहेको थियो । उक्त कार्यक्रमलाई सम्बोधन गर्दै माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेले विश्वले गौरव गर्ने सगरमाथा संरक्षण र प्रवर्द्धनमा सचेतना अभिवृद्धि गर्दै विश्वभरका पर्यटकहरूलाई नेपालमा आकर्षण गर्न सबै सकृय भएर लाग्नुपर्नेमा जोड दिएनुभएको थियो । उक्त कार्यक्रममा नेपाल वायुसेवा निगमका तर्फबाट संस्थागत विभागका निर्देशक अनिल घिमिरे तथा उप निर्देशक दिक्पाल सुवेदी, सुप्रिया तुलाधर तथा यात्रु सेवा विभागका निर्देशक सन्तोष पाण्डे लगायत कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

# हिमालयन ट्राभल मार्ट २०२५ मा सहभागिता

Pacific Association Travel Mart (PATA) Nepal Chapter को आयोजनामा हिमालयन ट्राभल मार्ट २०२५ यही जुन ३ देखि जुन ५ सम्म काठमाडौंमा सम्पन्न भएको छ । पर्यटन क्षेत्रकै सबैभन्दा ठुलो पर्यटन मेलाको रूपमा स्थापित यस मार्टको पाचौं संस्करण Mountain, Milestone and Momentum भन्ने मूल नाराका साथ PATA Nepal Chapter को ५० औं वार्षिकोत्सवको अवसरमा आयोजना गरिएको थियो । विश्वका ३० मुलुकबाट १०० भन्दा बढी अन्तर्राष्ट्रिय सहभागी तथा नेपाल पर्यटन क्षेत्रका प्रतिनिधि लगायत ७०० भन्दा बढी प्रतिनिधि तथा सरोकारवालाको उक्त मार्टमा सहभागिता रहेको थियो ।

नेपाल वायुसेवा निगम, नेपाल पर्यटन बोर्ड तथा विभिन्न क्षेत्रका संस्थाहरूको सहयोग रहेको उक्त मार्टमा व्यवसायिक अन्तरक्रिया, नेटवर्किङ्, गन्तव्य अवलोकन भ्रमणका साथै सांस्कृतिक कार्यक्रम सम्पन्न भएको थियो । मार्टको उद्घाटन गर्दै माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री प्रसाद पाण्डेले पर्यटनको भविष्य निर्माणको लागि सरकारको प्रतिबद्धता र सार्वजनिक निजी साझेदारीका आवश्यकता औंल्याउनु भएको थिए । निगमको संस्थागत विभागका निर्देशक अनिल घिमिरेको नेतृत्वमा संस्थागत र बजार व्यवस्थापन विभागका विभिन्न कर्मचारीहरूका उक्त मार्टमा सहभागिता रहेको थियो ।




# 'Motivation, Leadership and Teamwork Essential' लक्षित तालिम सम्पन्न



निगमले १२ र १३ जुन, २०२५ मा संस्थागत कार्यक्षमता, नेतृत्व क्षमताको विकास र समूहगत कार्यशैलीलाई प्रवर्द्धन गर्ने उद्देश्यले निगमका उच्चपदस्थ पदाधिकारीहरूलाई 'Motivation, Leadership and Teamwork Essential' तालिम सम्पन्न गरेको छ ।

उक्त दुई दिने तालिममा Motivational Speaker Mr. Dipankar Sherpa बाह्य स्रोतव्यक्तिका रूपमा रहनुभएको थियो । तालिममा निगमका कार्यकारी अध्यक्ष, निर्देशकहरू, उपनिर्देशकहरू र प्रबन्धकहरूको सहभागिता रहेको थियो ।



नेपाल वायुसेवा निगममा ३६ वर्ष कार्यरत रही सेवा निवृत्त हुनुभएका भूतपूर्व कर्मचारी क्या. राजकुमार लामाको मिति २०८२ असार ५ गते निधन भएकोमा शोकाकुल परिवारलाई समवेदना प्रकट गर्दै निगमका कार्यकारी अध्यक्ष युबराज अधिकारी

# फुटसल, टेवल टेनिस र Badminton प्रतियोगितामा निगम तेस्रो



कर्मचारी खेलकुद प्रतिष्ठान नेपालको (Employee Sports Academy Nepal-ESAN) आयोजनामा मिति २०८२ जेठ २१ गते देखी २८ गते सम्म सम्पन्न १४औं कर्मचारी खेलकुद प्रतियोगितामा नेपाल वायुसेवा निगमको टिमले फुटसलमा उत्कृष्ट प्रदर्शन गर्दै तेस्रो स्थान हासिल गर्न सफल भएको छ । उक्त प्रतियोगितामा नेपाल सरकारका पूर्ण र आंशिक स्वामित्वमा रहेका सार्वजनिक संस्थान, बैंक तथा वित्तीय संस्था, विमा कम्पनी, दुरसञ्चार सेवा प्रदायक कम्पनी र वायुसेवा कम्पनीहरु गरी १७ वटा टिमहरुले सहभागिता जनाएका थिए । यस्तै गरी टेबल टेनिसको पुरूष एकलतर्फ श्री अंकुर आर्या तथा महिला एकलतर्फ श्री रञ्जना पोखरेल र Badminton को Veteran single तर्फ श्री घनश्याम भट्टको उत्कृष्ट प्रदर्शन गर्दै तीनै विधामा तेस्रो स्थान हासिल गर्न सफल भएका छन् । उक्त प्रतियोगितामा १७ वटा संघ संस्थाहरू सहभागी भएका थिए ।

प्रतियोगितामा विभिन्न संस्थाका कर्मचारीहरुवीच खेलकुदमा सहभागिता र प्रवर्द्धन गर्ने उद्धेश्यले आयोजना गरिएको थियो । प्रतियोगिताको समापन समारोहमा विजेता र उपविजेता टिमसँगै नेपाल वायुसेवा निगमको टिमलाई ट्रफी र प्रमाणपत्र सहित नगद पुरस्कार प्रदान गरिएको थियो ।



नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष युबराज अधिकारीलगायत दिल्ली स्टेसनका कर्मचारी र बर्ड ट्राभलका कर्मचारीबीच दिल्ली एयरपोर्टमा भेटघाट तथा छलफल

## विभागीय समाचार

### मानव संशाधन विभाग

#### बैशाख, २०८२

**राजिनामा**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री अमित कुमार खाँ थारू | ७ | बरिष्ठ प्राविधिक अधिकृत |
| २ | श्री सुदर्शन दाहाल | ६ | प्राविधिक अधिकृत |

**अवकाश**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री दुर्गा बहादुर घर्ती | ४ | बरिष्ठ हेड लोडर |
| २ | श्री प्रकाश लाल नेवा | ६ | अधिकृत |
| ३ | श्री राम काजी श्रेष्ठ | ५ | बरिष्ठ सहायक |

#### जेष्ठ, २०८२

**राजिनामा**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री समज कुमार श्रेष्ठ | ९ | बरिष्ठ कप्तान |
| २ | श्री तिलक न्यौपाने | ४ | सहायक |

**अवकाश**

| क्र.सं. | कर्मचारीको नाम | तह | पद |
|---|---|---|---|
| १ | श्री जितेन्द्रमान महर्जन | ६ | अधिकृत |
| २ | श्री मैत तामाङ | ४ | बरिष्ठ हेड लोडर |

## Internal Audit Department

### Following task were Conducted during Jestha-Ashadh 2082.


1. The Revenue Division of the Finance Department audit is Conducted.
2. Doha Station audit completed & report writing on process.
3. GS &PM Department audit completed & report writing on process.

## Ground Support Department


### Major Achievement of Jestha & Ashadh 2081-82

- The Ground Handling Agreement with Singapore Airlines at Tribhuvan International Airport (TIA) is currently under the renewal process.
- Co-ordination inauguration flights of Spice Jet and Air India Express has been successfully completed.
- Discussions ongoing regarding the Ground Handling arrangements for Hong Kong Airlines (HKG–KTM–HKG) at TIA.
- The General Data Protection Agreement with Turkish Airlines has been successfully finalized.
- Service Level Agreements (SLA) have been completed with both Spice Jet and Fly Dubai.
- The Security Agreement renewal process has been initiated and forwarded for DEL (Delhi), BOM (Mumbai), and BLR (Bangalore) stations.
- The Ground Operation Manual (GOM-1) has been amended.

## 1. Annual ASKM Vs RPKM of Nepal Airlines in International sector





## 2. Annual ATKM Vs RTKM of Nepal Airlines in International sector





*Source: Post Flight Information Report*

## 1. Annual ASKM Vs RPKM of Nepal Airlines in Domestic sector





## 2. Annual ATKM Vs RTKM of Nepal Airlines in Domestic sector




*Source: Post Flight Information Report*


(**Note:** Domestic Flight not Operated from 6th Poush-10th Chaitra 2081)

## 1. Annual Market share of Nepal Airlines in International sector




| | |
|---|---|
| NAC PAX | 560108 |
| TOTAL PAX | 4963466 |

## 2. Annual Market share of Nepal Airlines in Domestic sector




| | |
|---|---|
| NAC PAX | 11275 |
| TOTAL PAX | 4519258 |

*Source: Nepal Tourism Statistics 2024*

# DUTY ROSTER OF NAC CLINIC DOCTORS

**Effective from 13th February 2025**

DR. ASMITA ARYAL

## Operations Department

# Performance Report of Flights from Kathmandu

### for the month of Chaitra & Baishak 2081/082

| Fleet/ Month | 9N-AKW | | 9N-AKX | | 9N-ALY | | 9N-ALZ | | Total | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Flight Performance% | Baisakh | Jesth | Baisakh | Jesth | Baisakh | Jesth | Baisakh | Jesth | Baisakh | Jesth |
| Reliability | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% | 100% |
| Punctuality | 48% | 59% | 47% | 53% | 55% | 51% | 38% | 37% | 47% | 50% |

## Nepal Airlines Corporation

## Ground Support Department, TACC Section

# LOST AND FOUND RECORD SUMMARY

| S.N. | Year Months | | Found Materials/Goods (in Frequency) | | | | | | | | Tot. pcs. | HOV to Airlines | | | | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | Mob | Cam | Mny | ipd/Laptop | PP | Gld | Note | Elx | | Staff | Crew | Police/security | Paxs | |
| 1 | 2082 | Baishakh | 5 | 8 | 6 | 7 | 4 | 1 | 0 | 28 | 59 | 32 | 15 | 12 | | |
| 2 | 2082 | Jestha | 8 | 0 | 12 | 6 | 0 | 0 | 0 | 21 | 47 | 29 | 10 | 8 | | |
| 3 | 2082 | Ashar | 9 | 4 | 8 | 7 | 2 | 4 | 0 | 20 | 54 | 29 | 13 | 16 | | |
| **Total** | | | | | | | | | | | | | | | | |

**नोट**: उपरोक्त विवरण ग्राउण्ड सपोर्ट विभाग टी.ए.सी.सी शाखा अन्तर्गत विमानस्थलमा विमानको क्याबिन सफाई गर्ने क्रममा यात्रुहरूबाट छाडिएका सामानहरू यस विभागमा कार्यरत कर्मचारीहरूले पाई सम्बन्धीत ठाँउमा बुझाएका सामानहरूको हो ।

**Details**

Mob : Mobiles
Cam : Different types of movie and still camera/watch.
Mny : Money and wallets
ipd : i-phone, i-pod, i-pad, tablets, Laptop etc.
Gld : Gold and ornaments
Elx : Other electronic appliances/items, games, pendrives, Power Bank etc.
Hov : Handed over to the related airlines (staff, crew, passengers)
PP : Passport

# NEPAL AIRLINES CORPORATION
## MARKETING DEPARTMENT
## TRAFFIC AND REVENUE PERFORMANCE OF SCHEDULE FLIGHTS OF DOMESTIC & INTERNATIONAL STATIONS
### As of Jestha & Asar, 2082

| Region | Jestha 2082 | | | | Asar 2082 | | | | Total in Two Months | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Total Revenue Passenger Flown | Passenger Revenue | Freight Revenue | Total Revenue | Grand Total Passenger Flown | Grand Total Revenue in NPR |
| Domestic | 1,977 | 11,926,017 | 70,709 | 11,996,726 | 1,502 | 9,344,154 | 453,150 | 9,797,304 | 3,479 | **21,794,030** |
| **Domestic Total** | **1,977** | **11,926,017** | **70,709** | **11,996,726** | **1,502** | **9,344,154** | **453,150** | **9,797,304** | **3,479** | **21,794,030** |
| International | | | | | | | | | | |
| KTM-NRT | 2,882 | 178,622,344 | 18,763,920 | 197,386,264 | 2,901 | 91,367,492 | 20,739,250 | 112,106,742 | 5,783 | **309,493,006** |
| NRT-KTM | 2,168 | 110,780,096 | 4,981,152 | 115,761,248 | 1,909 | 98,076,448 | 4,770,128 | 102,846,576 | 4,077 | **218,607,824** |
| KTM-DXB | 2,421 | 93,406,668 | 339,370 | 93,746,038 | 3,221 | 96,820,568 | 6,199,560 | 103,020,128 | 5,642 | **196,766,166** |
| DXB-KTM | 1,884 | 32,869,582 | 2,297,340 | 35,166,922 | 2,838 | 46,489,734 | 4,010,040 | 50,499,774 | 4,722 | **85,666,696** |
| KTM-DEL | 7,071 | 78,449,526 | 3,846,953 | 82,296,479 | 7,043 | 65,198,658 | 6,332,121 | 71,530,779 | 14,114 | **153,827,258** |
| DEL-KTM | 5,471 | 33,856,758 | 1,348,032 | 35,204,790 | 5,108 | 24,359,168 | 1,340,992 | 25,700,160 | 10,579 | **60,904,950** |
| KTM-KUL | 1,874 | 47,672,192 | 772,860 | 48,445,052 | 2,255 | 54,891,540 | 2,174,334 | 57,065,874 | 4,129 | **105,510,926** |
| KUL-KTM | 1,460 | 11,163,340 | 341,376 | 11,504,716 | 1,661 | 10,453,578 | 540,736 | 10,994,314 | 3,121 | **22,499,030** |
| KTM-DOH | 6,489 | 203,947,612 | 5,869,501 | 209,817,113 | 6,778 | 182,806,124 | 4,603,808 | 187,409,932 | 13,267 | **397,227,045** |
| DOH-KTM | 5,531 | 106,479,618 | 3,254,778 | 109,734,396 | 5,974 | 87,203,322 | 2,866,302 | 90,069,624 | 11,505 | **199,804,020** |
| KTM-BKK | 1,465 | 30,558,820 | 177,684 | 30,736,504 | 1,525 | 26,495,700 | 172,020 | 26,667,720 | 2,990 | **57,404,224** |
| BKK-KTM | 977 | 35,169,596 | 870,840 | 36,040,436 | 1,158 | 41,173,384 | 1,203,768 | 42,377,152 | 2,135 | **78,417,588** |
| KTM-HKG | 820 | 28,117,840 | 654,300 | 28,772,140 | 447 | 12,176,164 | 320,340 | 12,496,504 | 1,267 | **41,268,644** |
| HKG-KTM | 397 | 14,730,264 | 2,014,347 | 16,744,611 | 490 | 14,979,430 | 1,847,220 | 16,826,650 | 887 | **33,571,261** |
| KTM-BOM | 1,077 | 18,179,396 | 42,240 | 18,221,636 | 1,267 | 14,176,516 | 146,255 | 14,322,771 | 2,344 | **32,544,407** |
| BOM-KTM | 864 | 10,427,672 | 458,048 | 10,885,720 | 566 | 4,266,008 | 828,032 | 5,094,040 | 1,430 | **15,979,760** |
| KTM-BLR | 1,842 | 30,807,016 | 68,010 | 30,875,026 | 1,374 | 17,030,352 | 186,930 | 17,217,282 | 3,216 | **48,092,308** |
| BLR-KTM | 1,407 | 17,031,044 | 456,180 | 17,487,224 | 839 | 6,645,172 | 793,730 | 7,438,902 | 2,246 | **24,926,126** |
| KTM- DMM | 855 | 33,045,800 | 30,790 | 33,076,590 | 897 | 29,500,720 | 24,280 | 29,525,000 | 1,752 | **62,601,590** |
| DMM-KTM | 882 | 14,676,480 | 299,600 | 14,976,080 | 929 | 13,886,580 | 266,000 | 14,152,580 | 1,811 | **29,128,660** |
| **Intl Total** | **47,837** | **1,129,991,664** | **46,887,321** | **1,176,878,985** | **49,180** | **937,996,658** | **59,365,846** | **997,362,504** | **97,017** | **2,174,241,489** |
| **Grand Total** | **49,814** | **1,141,917,681** | **46,958,030** | **1,188,875,711** | **50,682** | **947,340,812** | **59,818,996** | **1,007,159,808** | **100,496** | **2,196,035,519** |

**Note:**
1. Prepared on the basis of data submitted from respective stations.
2. Domestic Revenue includes revenue from operated scheduled flight.
3. International Revenue calculated from operated schedule flights.
4. Charter Flights are not included in above data.